हतुवागढी गाउँपालिकाको गाउँसभामा गाउँपालिका अध्यक्ष श्री प्रेम कुमार राईले प्रस्तुत गर्नुभएको वार्षिक नीति तथा कार्यक्रम, २०७९

# “हतुवागढी सँमृद्धिको आधार, कृषि, उद्यम, प्रविधि, पर्यटन र भौतिक पूर्वाधार”

गाउँसभाबाट स्विकृत मिति : २०७९/०३/१०

हतुवागढी गाउँपालिका
घोडेटार, भोजपुर

# “हतुवागढी संमृद्धिको आधार,
# कृषि, उद्यम, प्रविधि, पर्यटन र भौतिक पूर्वाधार”

## हतुवागढी गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम-२०७९/०८०

गाउँसभाका उपाध्यक्ष लगायत सम्पूर्ण सदस्यज्यूहरु,

नेपालको संविधान, २०७२ ले व्यवस्था गरेको संघीयतामा प्रवेश गरेपछिको स्थानीय तहको ऐतिहासिक दोस्रो कार्यकालको लागि २०७९ बैशाख ३० गते निर्वाचन सम्पन्न दोस्रो गाउँसभाको पहिलो अधिवेशनमा उपस्थित छौ । यस अवसरमा सम्पुर्ण नवनिर्वाचित जनप्रतिनिधिहरुलाई हाार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । निर्वाचनमा मतदान गर्नुहुने सम्पुर्ण मतदाता हतुवागढीबासी आमाबुवा दाजुभाई दिदीबहिनी सम्पुर्णलाई हार्दिक धन्यवाद र कृतज्ञता जाहेर गर्दै निष्पक्ष निर्वाचन गराउन राजनितिक दलहरु, सुरक्षा निकाय, कर्मचारी, शिक्षक, व्यापारी, उद्योगी, पत्रकार सम्पुर्णलाई धन्यवाद व्यक्त गर्दछु ।

संघीय लोकतान्त्रीक गणतन्त्रात्मक व्यवस्थाको लागि इतिहासका विभिन्न कालखण्डमा राष्ट्र, राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको पक्षमा भएको आन्दोलनमा जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । यस हतुवागढी गाउँपालिकाको पहिलो गाउँसभाका निर्वाचित जनप्रतिनिधिहरु उपाध्यक्ष स्वर्गीय चन्द्रमा राई, वडा नं. ३ का वडासदस्य निर्वाचित भई जिल्ला समन्वय समितिका सदस्य स्वर्गीय सविना राई र वडा नं ५ का वडा सदस्य स्वर्गीय जीवन प्रसाद राई प्रति भावपुर्ण हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु ।

२०६२/६३ को ऐतिहासिक जनआन्दोलनको उपलब्धीलाई संस्थागत गर्न जनताबाट निर्वाचित प्रतिनिधिले बनाएको नेपालको संविधान, २०७२ मा व्यवस्था भए बमोजिम केन्द्र, प्रदेश र स्थानीय तहको नँया संरचनामा ७५३ स्थानीय सरकार, प्रदेश सरकार र  केन्द्र सरकारको गठन भई स्थानीय तहका सदस्यहरुको निर्वाचन, २०७९ सम्पन्न भई उक्त निर्वाचनमा निर्वाचित भएपछिको पहिलो नीति कार्याक्रम प्रस्तुत भइरहेको छ । यस हतुवागढी गाउँपालिकाको दोश्रो गाउँसभामा निर्वाचित जनप्रतिनिधिहरुबाट योजना तथा कार्यक्रमहरुलाई पुर्ण रुपमा कार्यान्वयन गर्न तथा नयाँ सोच तथा विचारका साथ आगामी आ.ब. २०७९/०८० को लागि वार्षिक नीति तथा कार्यक्रम तथा बजेट तर्जुमाको प्रक्रियामा उपस्थित छौं ।

हतुवागढी गाउँपालिकाको दोश्रो गाउँसभाको पहिलो अधिवेशनमा उपस्थित सम्पूर्ण सदस्यहरुमा गाउँपालिका तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु ।

आज आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा पहिलो स्थानीय तहको निर्वाचनबाट छनौट भएका जनप्रतिनिधिहरुको गाउँसभाको पदावधी समाप्त भई पुनः नयाँ जनप्रतिनिधिहरु बहाल रहेका छौ । नयाँ प्रयोगको संक्रमणकालिनको अर्को चरणमा प्रवेश गरेका छौ । जनताको अपेक्षा धेरै हुनु स्वभाविक हो, हामीले परिकल्पना गरेको, सोचेको, थालेको महत्वपूर्ण कामहरुलाई पुर्ण कार्यान्वयन गर्नुपर्ने आजको आवश्यकता रहेको छ । मुलतः स्थानीय तहमा आफ्नै भौतिक संरचनाहरु नहुनु, कर्मचारीहरुको अभाव, नियम कानूनहरु सरल र सहज नहुनु, प्रोफाइल र आवधिक योजनाहरु भएतापनि अपुरो रहेको व्यहोरा अवगत गराउन चाहन्छु ।

गाउँपालिकाको सम्पूर्ण विकास योजनाहरु गाउँपालिकाबासी सबैको सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका चरणहरु अवलम्बन गर्दै नेपालको संविधान, राष्ट्रिय प्राथमिकता, संयुक्त राष्ट्र संघद्धारा जारी दिगो विकासका लक्ष्यहरु, SDGsको अवधारणा, संघीय र प्रदेश सरकारले जारी गरेको नीति, कानुन तथा मापदण्ड र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई मार्गदर्शनको रुपमा लिईएको छ । स्थानीय स्रोत र साधनको अधिक्तम उपयोग गर्दै स्थानीय पूर्वाधार सम्बन्धी आयोजनाहरु, रोजगारी र गरिबी न्यूनिकरण, विद्युतिकरण, वातावरण संरक्षण र विपद व्यवस्थापन, सुशासन, समावेशीकरणलाई सहयोग पुग्ने योजना कार्यक्रमलाई प्राथमिकता दिएको छु । कम लागत छिटो प्रतिफल दिने जनसहभागीता जुट्ने र PPP मोडेललाई प्रोत्साहीत गर्ने गरी दातृनिकाय सरोकार सबैको सहकार्य र समन्वयमा गाउँपालिकाको विकास योजना तर्जूमा गरिएको छ ।

यो पटकको नीति तथा कार्यक्रममा स्वास्थ्य, कृषी, शिक्षा, रोजगार हाम्रो प्राथमिकता हुन् ।

सम्पूर्ण गाउँपालिका सदस्यहरु
अब म आगामी आर्थिक वर्ष २०७९/८० को प्राथमिकता र क्षेत्रगत नीतिहरु प्रस्तुत गर्दछु ।

**प्राथमिकता** :

१. दिगो विकासका १७ वटा लक्ष्यहरु (SDGs) का कार्यक्रमहरु,
२. कोरोना प्रकोपको असरको व्यवस्थापन
३. पूर्वाधार विकासका कार्यक्रमहरु (सडक, पुल, खानेपानी, सिँचाई, भवन, शहरी विकास)
४. शिक्षा, स्वास्थ्यको गुणस्तर व्यवस्थापन,
५. आधुनिक कृषि व्यवसायिकरण, यान्त्रीकरण र पशू विकास एंव बजार,
६. पर्यटन पूर्वाधार विकास र प्राकृतिक पुरातात्विक सांस्कृतिक सम्पदा संरक्षण र प्रवर्द्धन,
७. सामाजिक विकासका कार्यक्रमहरु (समावेशी विकास, जातीय/लैगिंक विभेद, जेष्ठ नागरिक, एकल महिला अपाङ्गता, अशक्त लक्षित बालमैंत्री),
८. युवाको क्षमता विकास, खेलकुद विकास र रोजगारी,

९. प्राकृतिक स्रोत तथा भू-संरक्षण, वातावरण र जलवायु परिवर्तन,

१०. सार्वजनिक सेवा प्रवाहमा प्रभावकारीता पारदर्शिता, सुशासन र डिजिटलाइज प्रविधिको प्रयोग,

११. भू-उपयोग नीति निर्माण र बस्ती विकास,

१२. संस्थागत तथा क्षमता विकास,

१३. जनसहभागिता जुट्ने र आर्थिक प्रतिफल प्राप्त हुने योजनालाई नीतिगत रुपमा प्राथमिकता,

१४. "विकास योजनाहरु लहडमा होइन, आवश्यकता र प्रतिफलमा आधारीत भएर हामी र भावि पुस्ताका लागि" भन्ने अवधारणाबाट अगाडी बढाइनेछ ।

## क्षेत्रगत नीतिहरु (विषयगत)

### क) सडक पूर्वाधार सम्बन्धी नीति

१. घोडेटार-मचुवाटार/चुवार/हलेदे सडक अर्न्तगत २२.५ कि.मि. पक्कि सडक एडिबीको सहयोगमा आर.सि.आई.पि. कार्यक्रम अर्न्तगत यथाशिघ्र ठेक्का आव्हान गरी निर्माण थालनी गर्न सम्बन्धित निकायलाई ध्यानाकर्षण गरिनेछ । घोडेटार-कावाखोला भोजपुर सदरमुकाम जोड्ने सडक, घोडेटार-सुनबालुवा धनकुटा जोड्ने सडक, घोडेटार-पुरानो तृतीय जोड्ने सडक, घोडेटार गढी रानीवास दिमालुंग सडकलाई प्राथमिकता दिई स्तरोन्नती गर्न प्रदेश/केन्द्र सरकार समक्ष अनुरोध गरिनेछ । पालिका केन्द्रलाई मुख्य राजमार्गसंग जोड्ने सडक घोडेटार होम्तांग सुनबालुवा १८.५ कि.मि. पक्कि सडक निर्माण गर्न संघीय सरकारबाट शुरु गर्ने गरि समझदारीपत्रमा हस्ताक्षर गरि सकिएकोले यसलाई संघीय सरकार र प्रदेश सरकारलाई ध्यानाकर्षण गरी अघि बढाउन पहल गरिनेछ ।

२. हतुवागढी ५ सोया दियाना वडा नं. ४ लुंगथुंग, वडा नं. ७ पिप्ले, इन्द्रेणी झरना वडा नं. ९ मचुवाटार सडक स्तरोन्नतीको लागि प्रदेश सरकारसंगको साझेदारीमा अगाडी बढाइनेछ ।

३. वडा केन्द्रहरु वडा नं. १, सल्ले र २ को लुंगिनलाई घोडेटार-कावा सडकले, वडा नं. ३ सिन्द्रागंलाई घोडेटार-पुरानो तृतीयले, वडा नं. ४, ७, ८ र ९ लाई घोडेटार-चुवार सडकले र वडा नं. ५ र ६ लाई घोडेटार सुनवालुवा सडकले जोड्दै वडा केन्द्रहरुलाई जोड्ने सडकहरुलाई बस सन्चालन हुने गरी बाह्रै महिना चल्ने गरी स्तरोन्नती गरिनेछ ।

४. **नयाँ ट्र्याक ओपन गर्नुपर्ने सडकहरु** :

(क) बारीगाउँ - कोल्टार वडा नं. ८ र ९

(ख) सोयागाउ-साचाकी- फलामढुङ्गा वडा नं. ४ र ५

(ग) विद्यापोखरी-छिर्लिङखोला वडा नं. ८

(घ) निर्मला प्रा.वि.- सिंहदेवी प्रा.वि. वडा नं. ७ र ८

(ङ) सिन्द्रांग छाक्खा वडा नं. ४ खुक्ला सडक

(च) आहाले इसिरांग हात्तिटार सडक वडा नं.६

**स्तरोन्नती गर्नुपर्ने सडकहरु**

(क) फलामढुङ्गा -अवतारी वडा नं. ३

(ख) घोडेटार- रानिवास- दिमालुङ वडा नं. १ र २
(ग) प्रजातन्त्र मा.वि. माझिगाउँ पिखुवाखोला वडा नं. ६
(घ) लुङ्गिन-दिमालुङ वडा नं. २
(ङ) खैराङ्ग-पिपलडाँडा- लुङ्गथुङ-सोया वडा नं. ४ र ५
(च) रेपा- सोयागाउँ वडा नं. ५ र ६
(ज) गुर्धुङ- पिखुवा वडा नं. ५
(झ) लुङ्गिन कावाखोला पावर हाउस वडा नं. २
(ञ) पात्लेधारा- लुङ्खिम- पिप्ले वडा नं. ७ र ८
(झ) घोडेटार- हर्का - कावाखोला वडा नं. १
(ञ) माङपाराङ्ग-मुस्ताङ-चेम्लाङ वडा नं. ९
(ट) वडा नं ७ पिप्ले लुंखिमबेसी देखि होम्तांग जोड्ने सडक
(ठ) ज्यामिरे भन्ज्यांग पहिरे छिलिंग खोला सडक, वडा नं. ९
(ड) घोडेटार साचाकी लुंगथुंग, वडा नं. ५ र ४

५. वडाका महत्वपूर्ण स्थल कृषि उत्पादन र निर्माण कच्चा पदार्थ रहेका स्थानहरुमा सडक सञ्जाल पुऱ्याइनेछ ।

६. गाउँपालिका सडक गुरुयोजना (RMTMP) तयारी गरी निर्माण भएका सबै सडकहरुको लगत संकलन, वर्गीकरण, दस्तावजीकरण, सडक क्षेत्राधिकार र जग्गाधनी लगत कट्टा गरिने छ ।

७. सर्भे भएका साना सडकहरुमा स्थानीयहरुको माग बमोजिम निश्चित सहभागिता अनिवार्य गरिने छ ।

८. निर्माण भई सकेका सडकहरुको वर्गीकरण गरी स्थानीय सडकहरु मर्मत संभार गर्न नीति बनाईनेछ ।

९. घोडेटार बजारमा ढल निकास तथा सडक सोलिङ्ग क्रमशः गरिने छ ।

१०. अरुण नदीको सुनवालुवा, दुधकोशी नदिको चुवार र कावा खोलाको निर्माणाधीन पुललाई यथासमयमा पुरा गराउन सम्बन्धित निकायहरुमा निरन्तर पहल गरिनेछ । साथै अरुण नदिको मचुवाटार अखुवाटारमा पक्कि पुल र एखुवा खोलाको पक्कि पुललाई यथाशिघ्र ठेक्का आव्हान गरी निर्माण शुरु गर्न पहल गरिनेछ ।

११ सडक गुरुयोजना अर्न्तगत रिंगरोडको बाकी खण्डहरु लुंगिन हर्का, हर्का सिरिसे, खुकैला सिन्द्रांग सर्भे गरी ट्रयाक खोलिनेछ ।

१२ अरुण कोशी अर्न्तगत चुवार पुल, सिसौली भन्ज्यांग, मचुवाटार, लुंखिम बेसी, लामेबगर सुनबालुवा, पिखुवा फेदी हुदै फत्तेपुर अधेरीघाट लेगुवा सडक निर्माणका लागि संघीय र प्रदेश सरकारसंग माग गरिनेछ ।

## ख) खानेपानी र सरसफाई सम्बन्धी नीति

१. स्वच्छ र सफा खानेपानीको लागि “एक घर एक धारा”मिटर प्रणालीको अवधारणा लागू गरिनेछ ।

२. स्थानीयको पानी सरकारको लगानी भन्ने नाराका साथ हतुवागढी १ घोडेटार बजार खानेपानी व्यवस्थापन गर्न स्थानीय उपभोक्ताहरुसंग वृहत छलफल गरी हतुवागढी खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन गर्ने साथै सर्भे गरी खानेपानी आयोजना सञ्चालनका लागि सम्बन्धित निकायहरुमा पहल गरिनेछ ।

३. हतुवागढी १, २, ५ र ६ को लागि कावाखोला र पिखुवाखोलाबाट लिफ्ट सिस्टमबाट खानेपानी योजनालाई पुरा गराउन जोड दिने, वडा नं. ७, ८, ९ को लागि  खानेपानी आयोजना निर्माणको लागि पहल गरिनेछ साथै संचालित खानेपानी आयोजनाहरुमा सौर्य उर्जाबाट संचालन गर्नका लागि सम्भाव्यता अध्ययनको थालनी गरिनेछ ।

४. खानेपानीको समस्या भएका बस्ती, गाउँहरुमा आवश्यकतानुसार लिफ्ट सिस्टमबाट काम गराइनेछ ।

५. खानेपानीको मुहान/स्रोत संरक्षण, व्यवस्थापन गरिनेछ ।

६. RM-WASH-CC गठन गरी सरसफाई कार्यक्रम गरिनेछ ।

७. फोहरमैला व्यवस्थापनका लागि Landfield साइटलाई व्यवस्थित गर्न पहल  गरिनेछ ।

८. पानीको अभाव भएका विद्यालयहरुमा सरसफाइ शौचालय, फुलबारी र बगैचाको लागि आकाशे पानी संकलनको आवश्यक व्यवस्था गरिनेछ ।

९. टोल बस्ती र डाडाहरुमा पोखरी निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०. बाक्लो वस्तीहरुमा छानाको आकाशे पानी संकलन गरि वेमैासमी खेती पातीको लागि सिचाई गरिने व्यवस्था गरिनेछ ।

११. गाउँपालिका क्षेत्र भित्र रहेका पानीको मुहानको पहिचान गरी वितरण क्षमता सहितको प्रोफाइल तयार गर्ने साथै पहिचान गरिएका मुहानहरुको सर्भे सम्बन्धित निकायहरुको सहकार्यमा अगाडी बढाइनेछ । हतुवागढी गाउँपालिकामा  संचालित आयोजनाहरुको विवरण अद्यावधिक गरिनेछ ।

## ग) विद्युत उर्जा र संचार सम्बन्धी नीति

१. सबै वडाहरुमा केन्द्रीय विद्युत प्रशारण, लघु जलविद्युत र वैकल्पिक ऊर्जाबाट विद्युतीकरण गरी उद्यम व्यवसायमा प्राथमिकता दिइनेछ ।

२. वडा नं. १, २, ३, ४, ५, ६ र ९ को विद्युत वितरण र विस्तारलाई पूर्णता र व्यवस्थापन गर्दै अन्य वडाहरु ७ र ८ मा विद्युतीकरणको जोड दिइनेछ । वडा नं. २ कावा खोला, वडा नं. ३ को छिलिंग खोला र वडा नं. ९ को नांखुवा खोला लघु जलविद्युतलाई व्यवस्थापन गर्दै केन्द्रीय प्रसारण लाइनको पहुच यथाशिघ्र पुर्‍याइनेछ ।

३. सुधारीएको चुलो, विद्युतिय इन्डक्सन चुलो र  नविकरणीय उर्जाको प्रयोगलाई प्राथमिकता राखी कार्यक्रम गरिनेछ ।

४. “सबैको घर उज्यालो कार्यक्रम” नीति र कार्यक्रम बनाइनेछ ।

५. टेलिफोन टावर, नेटवर्क समस्या समाधान र इन्टरनेट व्यवस्था क्रमशः गदै स्थानीय पत्रिका र सूचना मैत्री नीति बनाइनेछ ।

६. जमिनको वर्गीकरण र उपयोगिताको आधारमा सिँचाईमा सम्भावित प्रविधि खोजी गरिनेछ ।

७. घना वस्ती र टाढा रहेका वस्तीमा सौर्य उर्जाको व्यवस्था गरिनेछ ।
८. सवै सरकारी कार्यालय, वित्तीय संस्था र विद्यालयहरुमा उर्जाको व्यवस्था गरी विद्युतिय रेकर्ड राख्ने र सेवा दिने व्यवस्था गरिनेछ ।
९. वडा नं. ८ को टाकुरे डाँडा र वडा नं. ५ को गोदावारी डाडामा टेलिफोन टावर शुचारु गर्न पहल गरिनेछ । वडा नं. ३ जोरआहाल डाँडामा रहेको एनटिसि टावरमा केन्द्रीय लाईन व्यवस्थापन गरी व्यवस्थित गरिनेछ ।
१०. विपन्न, दलित, अपांगता, जेष्ठ नागरिक परिवारलाई सौर्य उर्जाको व्यवस्था क्रमशः गरिनेछ ।

## घ)शिक्षा सम्बन्धी नीति

१. राष्ट्रिय शिक्षा नीति, प्रदेश नीतिसँग तादाम्यता राख्दै गाउँपालिकाका शिक्षा योजना कार्यक्रम तयार गरिनेछ ।
२. प्राविधिक शिक्षालाई विशेष जोड दिदैं स्नातक तहको पढाईलाई समन्वय सहकार्यको पहल गरिनेछ ।
३. गाउँ शिक्षा योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
४. शैक्षिक गुणस्तरका लागि प्रभावकारी अनुगमन, मुल्याकंन गर्ने व्यवस्था गरिनेछ ।
५. गाउँपालिकाको चण्डेश्वरी प्रा.वि. मा सामुदायिक आवासिय कार्यक्रमका लागि पुर्वाधार र कार्यविधि तयार गरि सञ्चालन गरिनेछ ।
६. विद्यार्थी संस्था र भौगोलिक विकटतालाई मध्यनजर गरी विश्लेषणको आधारमा दरबन्दी मिलान गरिनेछ ।
७. प्रस्तावित माध्यामिक विद्यालय/आधारभूत विद्यालयलाई पूर्वाधार र आवश्यकताको आधारमा संघीय सरकारबाट अनुमति दिएका विद्यालयहरुमा आवश्यक दरबन्दीका लागि पहल व्यवस्थापन गरिनेछ ।
८. गाउँपालिकाको सवै विद्यालयहरुमा इलाईव्रीलाई व्यवस्थापन गर्दै इ लर्निनमा लाने व्यवस्था गरिनेछ ।
९. पूर्व प्राथमिक तहमा विद्यार्थीहरुलाई “विद्यालय जाऔं, खाजा खाँऔ” कार्यक्रमलाई प्रभावकारी व्यवस्थित, अनिवार्य र अभिभावकसँग जोड्ने गरी निरन्तरता दिइनेछ ।
१०. सबै विद्यालयमा “हाम्रो विद्यालय, राम्रो विद्यालय अक्षय कोष”स्थानीय अभिभावकको अगुवाईमा शुरु गरिनेछ ।
११. घोडेटार बजारमा स्थापित हतुवागढी सार्वजनिक पुस्तकालय तथा इश्वरमान राई अध्ययन प्रतिष्ठानलाई आवश्यक व्यवस्थापन सहयोग गरिनेछ ।
१२. शिक्षक कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
१३. गाउँपालिका भरीका माध्यामिक विद्यालय, आधारभूत विद्यालयहरुमा विषयगत दरबन्दी अनुसार सरोकारवाला निकायसँग समन्वय गर्ने नीति कार्यक्रम बनाइनेछ ।
१४. विद्यालय शैक्षिक सुधार एवं स्वयसेवक शिक्षक व्यवस्थापन र परिचालन गरिनेछ ।

१५. सगरमाथा मा.वि.को बाली विज्ञान प्राविधिक धारको पढाई सञ्चालनको लागि प्रभावकारी व्यवस्थापन गरिनेछ ।

१६. वि.स. २०७६ मा निर्माण भएको शैक्षिक सुधार घोषणा पत्रलाई क्रमश लागु र पालना गर्न सरोकारवालाहरुलाई सक्रीय बनाईनेछ ।

१७. स्थानीय पाठ्क्रममा मातृभाषामा पठन पाठन गर्न राई बान्तवा भाषाको पाठ्यक्रम अनुसार यसै शैक्षिक शत्र बाट सुरु गरिनेछ र क्रमश अन्य भाषाको तयारी गरिनेछ ।

१८. विगत देखि आ.वि. / मा.वि. को अनुमति पाएको तर दरवन्दि नपाएका विद्यालयलाई दरवन्दी मिलानमा समस्या हुँदा शैक्षिक सुधार कार्यक्रमबाट सहयोग निरन्तरता दिईनेछ ।

१९. आ.वि. तह (कक्षा ६,७ र ८) विद्यार्थीहरुको पालिका स्तरीय अन्तरविद्यालय रनिङ सिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

२०. घोडेटार र पात्लेपानी सामुदायिक सिकाई केन्द्रलाई व्यवस्थित संचालन गरिनेछ ।

## ङ) स्वास्थ्यसम्बन्धी नीति

१. सबै वडाहरुमा स्वास्थ्य चौकी स्थापना र व्यवस्थापन गर्दै जनतालाई स्वास्थ्य सेवा सहज र पँहुचयोग्य बनाईनेछ ।

२. प्राथमिक स्वास्थ्य केन्द्र, घोडेटारलाई निर्माणाधीन १५ शैयाको अस्पताललाई गुणस्तरीय तथा तोकिएको समयसीमा भित्र सम्पन्न गर्न पहल गरिनेछ ।

३. नागरिकहरुलाई निशुल्क शिविर सञ्चालन गरिनेछ ।

४. महिला स्वास्थ्य स्वयंसेविकालाई क्षमता अभिवृद्धि गर्दै प्रोत्साहन सुविधा साथै स्वास्थ्य केन्द्र र सेवा ग्राही वीच पुलको काम गर्ने गरी प्रोत्साहन गरिनेछ ।

५. महिलाहरुको आङ खस्ने समस्याको पहिचान गरी निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

६. प्रा.स्वा.के. मा टेली मेडिसीन सेवालाई व्यवस्थित गरिनेछ ।

७. हतुवागढी आँखा उपचार केन्द्र सञ्चालन सहयोग गरिनेछ ।

८. स्वास्थ्य सस्थाहरुमा आवतजावत गर्न एम्बुलेन्स सेवा गर्भवती, सुत्केरी, ६५ वर्ष देखि माथि जेष्ठ नागरिक, पुर्ण तथा अति अशक्त अपाङ्गलाई गाउँपालिका क्षेत्र भरी नि:शुल्क उपलव्ध गराइनेछ ।

९. गम्भीर प्रकृतिका रोगहरु- क्यान्सर, मुटु, कलेजो, मृगौला जस्ता गम्भीर प्रकृतिका रोगीहरुलाई आर्थिक सहयोगमा निरन्तरता दिईनेछ ।

१०. हाल संचालित आधारभूत स्वास्थ्य केन्द्रहरुलाई स्वास्थ्य चौकीमा स्तरोन्नती गर्नका साथै स्वास्थ्य संस्थाहरुको भवन निर्माणका लागि स्वास्थ्य मन्त्रालयसंग माग गरिनेछ ।

११. स्वास्थ्य संस्थाहरुमा सुत्केरी गराउने आमा र बच्चाको पोषण सहयोगको कार्यक्रम ल्याइनेछ ।

## च) कृषि, पशु र उद्यमसम्बन्धी नीति

१. कृषिमा व्यवसायीकरण तर्फ उत्प्रेरणा जगाँउदै “एक गाउँ एक उत्पादन” मा जोड दिईनेछ ।

२. हतुवागढी गाउँपालिकालाई कागती खेतीका लागि अनुसन्धान, योजना निर्माण र कार्यान्वयन गरिनेछ ।

३. बहु फलफुल खेतीलाई प्रात्साहन गरिने निती लिइनेछ (सुन्तला, आप, लिची, भुइकटहर, एवोकार्डो, किवी, ड्रागनफल र केरा)

४. कृषिमा आधारित उद्यममा सन्चालित अनुदानका लागि सम्बन्धित निकायमा आवश्यक समन्वय गरिनेछ ।

५. राशायनिक मल तथा विषादिको प्रयोगले मानव स्वास्थ्य र वातावरणलाई असर पुग्ने भएकाले प्राङ्गारीक मल प्रयोगमा प्रोत्साहित गरिनेछ ।

६. निर्वाहमुखी परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण र व्यवसायिकरणको नीति अनुरुप कार्यक्रम बनाईनेछ ।

७. कृषि शित भण्डारणको निर्माणमा पहल गरिनेछ ।

८. दुग्ध संकलन केन्द्रको स्थापनाको प्रक्रियाको सुरुवात गरिनेछ ।

९. गाउँपालिकाको उपयुक्त क्षेत्रमा चिया तथा कफि खेती प्रवर्द्धनको लागि नर्सरी स्थापना गरी विरुवा उत्पादनमा पहल गरिनेछ ।

१०. कृषी तथा पशु विमालाई कृषकहरुसम्म पुऱ्याउने अभियान सञ्चालन गरिनेछ ।

११. बाँझो जग्गालाई प्रयोगमा ल्याउन प्रोत्साहन गरिनेछ ।

१२. प्रत्येक घर परिवारबाट निस्कने फोहोर पानीलाई संकलन र प्रशोधन गरि करेसाबारी अभियान सञ्चालन गरिनेछ ।

१३. सामुदायिक वन क्षेत्रमा फलफुल खेती गर्नका लागि आवश्यक समन्वय गरिनेछ ।

## छ) युवा, खेलकूद तथा रोजगार सम्बन्धी नीति

१. "स्वास्थ्यको लागि खेलकूद, सृजनशीलता अनुशासनमा एकजुट ।" भन्ने नारासहित खेलकूद विकासको लागि आवश्यक क्यालेण्डर तयार गरिनेछ ।

२. गाउँपालिका क्षेत्र भित्र रहेका खेलमैदानहरुको विकास तथा विस्तारका लागि पहल गरिनेछ ।

३. इन्डोर खेलको लागि कभर्डहलको निर्माण गरि संचालन गरिनेछ ।

४. मार्शल आर्ट अर्न्तगतका खेल कराते, उसु, तो क्वान डो खेल विद्यालय स्तरमा नियमित प्रशिक्षण गर्ने कार्यक्रम संचालन गरिनेछ ।

५. युवाहरुलाई रोजगारीका अवसर श्रृजना गर्दै स्वरोजगार उन्मुख कार्यक्रमहरु तय गरिनेछ ।

६. वडास्तरीय युवा सञ्जाल गठन गरी युवाहरुको संस्थागत क्षमता विकास गरिनेछ ।

७. रोजगार तथा वैदेशिक रोजगार सम्बन्धी परामर्श सेवा प्रारम्भ गरिनेछ ।

८. प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी गरि रोजगारीको अवसर सिर्जना गरिनेछ ।

## ज) वन तथा वातावरणसम्बन्धी नीति

१. वातावरण सम्बन्धी कानूनहरुको तर्जुमा गरी वातावरण संरक्षण कोषको स्थापना गरिनेछ ।

२. भुउपयोग नीति बनाई त्यसको कार्यान्वयन गरिनेछ ।
३. सार्वजनिक वन, सामुदायिक वन, निजि वनको संरक्षण र बहुउपयोग नीतिबारे सरोकार पक्षसँग परामर्श गरिनेछ ।
४. सार्वजनिक जग्गाको पहिचान, संरक्षण र वस्ती तथा बजार व्यवस्थापनसँग जोडिनेछ ।
५. फोहोरमैला व्यवस्थापन गरिनेछ ।
६. गाउँ वस्तीमा सेतो तथा फुसको छानालाई कम गर्दै वातावरणमैत्री गाउँपालिका बनाउने नीति अवलम्बन गरिनेछ ।
७. ढुँगा गिटी बालुवा उत्खनन् र सडक लगायत भौतिक पूर्वाधार निर्माण गर्दा भुक्षय र वन वातावरणलाई असर कम गर्ने गरी कार्य गरिनेछ ।
८. निजि क्षेत्रबाट पार्क निर्माणलाई प्रोत्साहित गर्न PPP (Public Private Partnership) मोडेल अपनाईनेछ ।
९. निर्मित सडकहरु अन्तिम अवस्थामा पुग्दै गएपछि सडकको किनारामा वृक्षारोपण कार्यलाई अनिवार्य गरिनेछ ।
१०. बजार क्षेत्रमा गाडिको लागि वसपार्क र आवश्यक जमघट हुने क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।
११. प्रत्येक वडाका नागों डाँडाहरुमा पोखरी निर्माण स्थानीयबासीहरुको सहभागितामा गरिनेछ ।
१२. वन्यजन्तु संरक्षण/आरक्षण स्थल निर्धारण गर्दै वन्यजन्तुले मानव रहनसहनमा पारेको असर बारे आवश्यक नीति निर्माण गरिनेछ ।

## झ) पर्यटनसम्बन्धी नीति

१. हतुवागढी पर्यटन क्षेत्र विकास गुरुयोजना बमोजिम पर्यटकीय स्थलहरुको निर्माणका लागि सम्बन्धित निकायहरुमा पहल गरिनेछ ।
२. प्राकृतिक, ऐतिहासिक, धार्मिक स्थलहरुको सूची तयार गरी संरक्षण र सम्बद्धन गरिनेछ ।
३. हतुवागढी दरबारको संरक्षण र सम्बर्द्धनका लागि गौरवको आयोजनामा राखी सरोकारवालाहरुसँगको व्यापक छलफल गरी योजना तयार गरिनेछ ।
४. घोडेटारदेखि गढी संखामडाँडा-दिमालुङ (पूर्णेडाँडाँ) सम्म पैदलमार्ग निर्माण कार्यलाई निरन्तरता र विभिन्न स्थानबाट सिढि निर्माण गरी उक्त पैदलमार्गलाई जोडिने छ ।
५. दिमालुङ्ग (ढुँगालाई) स्थापीत गर्दै दिमालुङ्ग स्मारक पार्क र दिमालुङ्ग पार्क निर्माणलाई प्रदेश सरकारको सहयोगमा निरन्तरता दिईनेछ ।
६. होमस्टे सन्चालनका लागि अध्ययन भ्रमण, तालिम र स्थान छनौटको कार्यक्रम राखिनेछ ।
७. अरुण र दुधकोशीमा ऱ्याफ्टिङ, जलयात्रा सरोकारवाला संघसंस्था, व्यवसायी, साथै बेलका नगरपालिका, शहिदभूमि गाउँपालिका र आमचोक गाउँपालिकासँग सहकार्य गरी योजना निर्माण गरिनेछ ।

८. नदी किनार आसपासमा पर्यटक, पाहुना स्थल (Hut, Swimming Pool) लाई प्रवर्द्धन गरिनेछ।

९. पर्यटन विकास, खानेपानीको स्रोत संरक्षण र वितरणका लागि जोरआल, तेर्सेखोलामा आकाशे पानी संकलन ड्याम निर्माण गरिने छ।

१०. हतुवागढी रोक्तांग खोला अवस्थित इन्द्रेणी झर्नाको संरक्षण, सम्बर्द्धन र प्रचार प्रसार गरिनेछ।

११. साँस्कृतिक र पर्यटकीय हिसाबले निम्न स्थानहरुको डि.पि.आर. गरि आवश्यक योजना बनाईनेछ।

(क) भविष्यवक्ता पोखरी
(ख) माईवेनी मन्दिर
(ग) बहुजातिय संग्राहलय
(घ) ईन्द्रेणी झरना
(ङ) महादेव स्थान गुफा
(च) सयवृक्ष
(छ) फलामढुङ्गा संरक्षण र पोखरी निर्माण
(ज) लुङ्खिन संरक्षण
(झ) सिम्सारादेवी संरक्षण
(ञ) चारपाटे पोखरी (आहाल)
(ट) सिलासुत्केरी ढुङ्गा
(ठ) विद्यापोखरी
(ड) चमेरे गुफा
(ढं) जोर आहाल
(ण) लुङ्थुङ (ढुंगा) संरक्षण
(त) घोडाको सालिक

## ञ) सहकारी तथा वित्तिय सम्बन्धी नीति

१. सहकारीका मूल्य, मान्यता, सिद्धान्तको आधारमा संचालन, व्यवस्थापन र नियमन गरिनेछ।

२. बचत तथा ऋण सहकारीहरुलाई उदेश्यगत र ऋण प्रवाहलाई उद्यमसँग जोडिनेछ।

३. कृषि र उत्पादक सहकारीलाई प्रोत्साहित गरिनेछ।

४. एक घर एक सहकारी सदस्य बनाउने कार्यक्रम अवलम्बन गरिनेछ।

५. लघु वित्तहरुलाई स्थानीय तह र जनताको यथार्थ आवश्यकतालाई मध्यनजर गरी दिर्घकालीन लगानीतर्फ ध्यान दिइनेछ।

६. जोखिममा परेका सहकारी, वित्तिय समूहहरुको अध्ययन अनुसन्धान गरी संस्थागत र व्यक्तिगत जोखिम न्युनिकरण गरिनेछ।

७. गरिवी निवारण कोष लगायत अन्य साझेदारी निकाय संस्थाबाट परिचालित समूहहरुलाई सहकारीमा लाने व्यवस्था गरिनेछ ।

## ट) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति

१. आदिबासी/जनजाति, महिला, दलित, जेष्ठ नागरिक, बालबालिका, अपाङ्ग, विपन्न एकल महिला, अल्पसंख्यक समूदायको लागि क्षमता विकास, सीप विकास आर्यआर्जन, सुरक्षाका कार्यक्रमहरु बनाइनेछ ।

२. सुरक्षीत सुत्केरीको लागि स्वास्थ्य केन्द्र अनिवार्य गरिने छ ।

३. बालमैत्री र अपाङ्ग मैत्री पुर्वाधार निर्माण गरिनेछ ।

४. बालबालिकाको लागि बहुक्षेत्रीय पोषण योजना कार्यक्रम सञ्चालन गरिनेछ ।

५. बालविवाह रोक्न र किशोर किशोरीलाई प्रजनन् स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

६. जेष्ठ नागरिहरुको लागि आवास गृह र अनुभव आदानप्रदान स्थल निर्माण गरिनेछ ।

७. जेष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रम गरिनेछ ।

## ठ) सुशासन र संस्थागत विकास सम्बन्धी नीति

१. गाउँपालिकाको वेवसाइटलाई व्यवस्थित र प्रभावकारी बनाइ सेवा प्रवाहमा गुणस्तर सुधार गर्ने व्यवस्था गरिनेछ ।

२. सार्वजनिक सुनुवाई गरीनेछ ।

३. सूचना पार्टी, नागरिक वडापत्र, रेडियोमार्फत र मोबाइलमा Voice Clip बाट आवश्यक डकुमेन्टबारे पूर्व सूचीत गरिनेछ ।

४. सूचना केन्द्रको स्थापना र व्यवस्थापन गरिनेछ ।

५. नागरिक सहायता कक्ष (Help Desk) सेवा प्रभावकारी र व्यवस्थित गरिनेछ ।

६. स्थानीय पत्रिकाको प्रवर्द्धन हुने गरी त्रैमासिक/चौमासिक रुपमा स्थानीय गतिविधि समेटेर सूचना र जानकारीमुलक पत्रिका घरघरमा पुऱ्याउने व्यवस्था गरिनेछ ।

७. सूचना अधिकारीमार्फत सूचना प्रवाह गरिनेछ ।

८. रेडियो र पत्रपत्रिकामा सूचना प्रशारण र प्रकाशन गरिनेछ ।

९. मानव अधिकार संरक्षण सम्बन्धी कार्यक्रमहरु गरिनेछन् ।

१०. पारदर्शिता र जवाफदेहिताको अभिवृद्धि गरिनेछ ।

११. विकास, आयोजनाहरुको अनुगमन, मुल्याकंन, सार्वजनिक परिक्षण गरेर मात्र अन्तिम फछ्यौट गर्ने व्यवस्था गरिनेछ ।

१२. पूर्वाधार योजनाहरु गुणस्तरीय, समय सिमा र पारदर्शितालाई मूख्य सूचक बनाइनेछ ।

१३. गाउँपालिका तथा वडा कार्यालय निर्माणको लागि जग्गा व्यवस्थापन तथा भवन निर्माण प्रक्रिया अगाडी बढाइनेछ ।

१४. गाउँपालिकाका कर्मचारीको क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ ।

१५. प्राकृतिक विपद, गाउँपालिका कार्यालय क्षेत्र तथा बजार क्षेत्रहरुको व्यवस्थापनको लागि गाउँ/नगर प्रहरीको संचालन गरिनेछ ।

१६. हतुवागढी गाउँपालिका वडा नं. ९ को प्रहरी चौकी भवन निर्माण तथा वडा नं. ५ र ६ को सुरक्षा व्यवस्थापनको लागि प्रहरी चौकी स्थापना गर्न सम्बन्धित निकायहरुमा सिफारिस गरिनेछ ।

१७. हतुवागढी गाउँपालिकाको प्रशासनिक भवनलाई बहुउद्देश्यीय प्रयोजन सहितको डि.पि.आर. तयार गरी भवन निर्माण कार्यलाई अगाडी बढाइनेछ ।

१८. यस गाउँपालिका वडा नं. ६, १, २, ३ र ८ को कार्यालय भवन निर्माण कार्यलाई क्रमशः प्राथमिकता दिईनेछ ।

## ड) प्राकृतिक प्रकोप र विपद व्यवस्थापनसम्बन्धी नीति

१. विपद व्यवस्थापन कोषलाई व्यवस्थित प्रयोग गरीनेछ ।

२. प्राकृतिक प्रकोप विपद व्यवस्थापनको पूर्वतयारी रोकथामसम्बन्धी तालिम तथा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

## ढ) राजश्व तथा कर प्रशासनसम्बन्धी नीति

१. राजश्व परामर्श समितिको प्रतिवेदनको आधारमा कर नीति अवलम्बन गरिनेछ ।

२. कर प्रणालीलाई वैज्ञानिक र व्यवहारिक बनाउँदै घरजग्गा कर लागू गर्ने तयारी गरिनेछ ।

३. "कर हामीले हाम्रै सुविधा र विकासको लागि हो" भन्ने भावनाको विकास गर्दै करको दायरा बढाइनेछ ।

४. करदाता सचेतना शिक्षा सञ्चालन गरिनेछ ।

५. सवै वडा केन्द्रहरुमा कर सम्बन्धी सचेतना कार्यक्रम गरिनेछ ।

## ण) भूमि, घर जग्गा धनीपूर्जा र वस्ती विकास सम्बन्धी नीति

१. संघ र प्रदेश कानुनको अधिनमा रही विगतमा संस्था चलाउन तथा विकास निर्माण गर्न पर्ती, ऐलानी र संस्थाको नाममा रहेको जग्गा भोगचलन अनुसार अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने उपयुक्त विधि र प्रक्रियाका लागि संघ र प्रदेश सरकारसंग पहल गरिनेछ ।

२. सेवा केन्द्र स्थापना गर्न आवश्यकताअनुसार पर्ती, ऐलानी र वनक्षेत्रको जग्गालाई सार्वजनिक हितमा प्रयोग गर्न आवश्यक कानुनी प्रक्रिया सरोकार पक्षसँग पारस्परीक रुपमा गरिनेछ ।
३. व्यक्तिको जग्गा प्राप्तीलाई अत्यावश्यक निश्चित आधार मापदण्ड निर्माण गरी जग्गा प्राप्ती ऐन बमोजिम जग्गाप्राप्त गरीने व्यवस्था गरिनेछ ।
४. एकीकृत वस्ति विकासको विशेष नीति र कार्यक्रम गरिनेछ ।
५. सार्वजनिक र संस्थागत जग्गाहरुको अभिलेखिकरण गरि संरक्षण गरिनेछ ।
६. विपन्न/दलित/जोखिम घर परिवारलाई फुसको छाना विस्थापित र आवासको लागि विपन्न जनता आवास कार्यक्रम सञ्चालन गरिनेछ ।

## त) तालिम, स्रोत व्यक्ति र संस्थागत विकाससम्बन्धी नीति

१. स्थानीय स्रोत व्यक्ति तथा प्रशिक्षकहरु उत्पादनमा ध्यान दिइनेछ ।
२. विभिन्न शिर्षकमा तालिम लिनेहरुको तथ्याकं संकलन, अनुगमन, क्रियाशिलता र सिर्जनशिलताको आधारमा पुनःताजगी कार्यक्रम सञ्चालन गरिनेछ ।
३. सरकारले बनाउने कानुन र विधिसँग सामन्ज्यस्य हुने गरी सबैखाले जनशक्तिको ग्रेडिङ र प्रमाणित गरी ज्याला निर्धारण गरिनेछ ।

## थ) न्यायीक क्षेत्र सम्बन्धी नीति

१. प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना र प्रभावकारी सञ्चालन गरिनेछ ।
२. न्यायिक समितिका क्षमता विकासका लागि कार्यक्रम संचालन गरिनेछ ।

## द) विविध नीति

१. ईलाका प्रशासन कार्यालय स्थापनाको लागि आवश्यक पहल गरीनेछ ।
२. गाउँपालिकाको लागि  ट्रयाक्टर खरिद गरिनेछ ।
३. गाउँपालिकाबाट संचालन गरिने योजना तथा कार्यक्रमहरुको सम्झौता अवधि तथा सम्पन्न समयसीमा निर्धारण गरिनेछ ।

अन्त्यमा, यस गाउँपालिकाको लागि आगामी आर्थिक वर्ष २०७९/०८० को  वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाँउदा अत्यन्त हर्षित छु र वार्षिक नीति तथा कार्यक्रम बमोजिम कार्यक्रम तथा योजना निर्माण गर्न यस गाउँपालिकाका सबै सम्बन्धीत जनप्रतिनिधिहरुलाई आग्रह गर्न चाहन्छु र वार्षिक नीति तथा कार्यक्रम अनुसार कार्यान्वयन पक्षमा साथ, सहयोग, समन्वय, सहकार्य गर्नका लागि सरोकारवाला सम्पूर्ण जनसमूदायलाई आग्रह गर्न चाहन्छु । यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० लाई  **"हतुवागढी सँमृद्धिको आधार, कृषि, उद्यम,**

**प्रविधि, पर्यटन र भौतिक पूर्वाधार"** भन्ने नारालाई सार्थक बनाउने प्रतिवद्धताका साथ वार्षिक नीति तथा कार्यक्रम प्रस्तुतीलाई यहि अन्त्य गर्दछु ।

**।।।धन्यवाद ।।।**

**हतुवागढी गाउँपालिकाको गाउँसभामा गाउँपालिका उपाध्यक्ष श्री सुनिता राईले प्रस्तुत गर्नुभएको आ.ब. २०७९/०८० को आर्थिक विधेयक, विनियोजन विधेयक, वार्षिक आय–व्यय र कार्यक्रम तथा आयोजनाहरु**

# "हतुवागढी सँमृद्धिको आधार, कृषि, उद्यम, प्रविधि, पर्यटन र भौतिक पूर्वाधार"

गाउँसभाबाट स्विकृत मितिः २०७९/०३/१०

हतुवागढी गाउँपालिका

घोडेटार, भोजपुर